# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

सार्वजनिक लेखा समितिको मिति २०७७/०१/२८ गते (बिहान ११:०० बजे) को ३५ औं बैठक अन्तर्गत आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सम्बन्धित महालेखापरीक्षकको बार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको बेरुजू उपर दफावार छलफल गरी देहाय अनुसार गर्ने निर्णय गरियो।

क) मन्त्रालयले आवश्यक कानून निर्माणमा प्राथमिकता निर्धारण गरेको भएता पनि सबै कानून निर्माण भएको नदेखिएकोले, के कति कारणले कानून निर्माणमा ढिलाइ भएको हो सो सम्बन्धमा लिखित जवाफ माग गर्ने।

ख) कानून निर्माण गर्दा प्रदेश सरकारले संघीय कानूनसंग सामञ्जस्य हुने गरी कानून निर्माण गर्न निर्देशन दिने।

ग) प्रदेश प्रहरी सम्बन्धमा आवश्यक कानून निर्माण एवं कार्यान्वयनको सम्बन्धमा हालसम्मको प्रगति बारे लेखि पठाउन निर्देशन दिने।

घ) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ङ) जनताबाट उठाएको करबाट आर्थिक सहायता वितरण गर्न नमिल्ने र नीति, नियम, मापदण्ड एवं कार्यविधि बिना आर्थिक सहायता वितरण गरेको देखिएको हुँदा आर्थिक सहायता वितरणलाई निरुत्साहित गर्नु पर्नेमा त्यस्तो नगरिएको देखिन आएकोले आगामी दिनमा आर्थिक सहायता वितरण कार्यलाई पूर्ण रुपमा बन्देज गर्न निर्देशन दिने।

च) मन्त्रालयले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

छ) राज्यले उपलब्ध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्देश्य अनुरुप मन्त्रालयले आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

ज) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालयले कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

झ) मन्त्रालयमा कायम भएको बेरुजू असुल उपर भए/नभएको सम्बन्धमा प्रमाणित कागजात पेश गर्न निर्देशन दिने।